# १३४ औं सचिव बैठकका निर्णय

२०८०।०६।१५

१. मन्त्रालयबाट सम्पादन गर्नुपर्ने कार्य र कार्यान्वयन गर्नुपर्ने कार्यक्रम/योजना/आयोजनाका विषयमा दुइ वा वढी मन्त्रालय बीच छलफल र समन्वय आवश्यक भएकोमा समन्वय गर्ने र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले समन्वय गर्नुपर्ने विषय भए लेखी पठाउने।

२. महालेखा परिक्षकको कार्यालयको च.नं. १८, मिति २०८०।०६।०५ को लेखा परिक्षण बेरुजु लगत अभिलेख सम्वन्धमा विषयक पत्रको निर्देशनलाई प्राथमिकता दिइ कार्यान्वयन गर्ने, गराउने।

३. विभिन्न नियमनकारी निकायहरुबाट प्राप्त भएका पत्रलाई प्राथमिकता दिई माग भएबमोजिमको विवरण समयमै उपलब्ध गराउने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम लागि द्रुत टोली परिचालन भएकोले सबै मन्त्रालयहरुले आफ्नो मन्त्रालय वा मातहत निकायबाट सहयोग र सहजीकरणका लागि समन्वय गर्ने।

५. मुख्यमन्त्री तथा मन्त्रिपरषद्को कार्यालय र गृह मन्त्रालयबाट भएको अनुगमनका क्रममा सीमा क्षेत्रमा पूर्वाधारजन्य र खानेपानी लगायतका समस्या देखिएकोले पूर्वाधार विकास विषयक्षेत्र हेर्ने मन्त्रालयहरुले सो सम्वन्धमा मातहत कार्यालयमार्फत विवरण लिई आवश्यक विकास निर्माणका कार्यक्रम सञ्चालन गर्ने, गराउने।

६. प्रदेश सरकारका मन्त्रालय र केन्द्रीय निकायहरुले प्रयोगमा ल्याएका भवन र जग्गाको लगत तयार गर्न गठित समितिलाई आंवश्यक सहयोग गर्ने। भाडामा रहेका निकायलाई संभव भएसम्म सरकारी भवनहरुमा स्थानान्तरणको प्रवन्ध मिलाउने।

७. कर्मचारीहरुलाई विदा वा काज पठाउदा कार्यालयको दैनिक कार्यसम्पादन नियमित हुने व्यवस्था मिलाउने। कार्यालयको नियमित सरसफाईलाई प्राथमिकता दिने ।

८. प्रदेश सरकारका तर्फबाट न्यायालयमा पठाउनु पर्ने लिखित जवाफका लागि आवश्यक विवरण समयमै पठाउने व्यवस्था सबै मन्त्रालयले मिलाउने।

९. अघिल्लो सचिव बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाका विषयमा हरेक १५ गते हुने सचिव बैठकमा जानकारी गराउने।

का. मु. प्रमुख सचिव